राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ | संख्याः ०१ | मितिः २०७८/०१/२०

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्ययोजना सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक सङ्कलन र नाप नक्सा सम्बन्धी कार्ययोजना, २०७८

संवत २०७८ सालको कार्यविधि नं.६३

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक सङ्कलन र नाप नक्सा सम्बन्धी कार्ययोजना, २०७८

**१. परिचय**

राक्सिराङ्ग गाउँपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या लामो समय देखि रहिआएको छ। देशव्यापी समस्याको रुपमा रहेको यो समस्या समाधान गर्ने उद्देश्यले नेपाल सरकारबाट हालै एक उच्च स्तरीय भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भई सो आयोगबाट कार्य समेत सुरु भैसकेको छ। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ को उपदफा (३) बमोजिम यस गाउँपालिका भित्रका अव्यवस्थित भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको तथ्यांक सङ्कलन र नाप नक्सा सम्बन्धी कार्यका लागि निम्नानुसारको कार्य योजना तयार गरिएको छ।

**२. कार्यक्रमको उद्देश्यः**

क) राक्सिराङ्ग गाउँपालिका क्षेत्रको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको तथ्यांक संकलन गर्ने कार्य।

ख) भूमि सम्बन्धि समस्या समाधान आयोगमा सिफारिस गरि पठाउन जग्गा धनी पुर्जा वितरण योग्य प्रतिवेदन तयार गरि जिल्ला समितिलाई पठाउने एवं भूमि सम्बन्धी सबै प्रकारका समस्या समाधान गर्ने प्रयत्न गर्ने।

**३. प्रक्रियाहरुः**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा (१) बमोजिम गाउँपालिका स्तरीय  र उपदफा (२) बमोजिम वडा स्तरीय भूमि सम्बन्धि समस्या समाधान सहजीकरण समिति गठन गर्ने। दफा ४ को उपदफा (१) बमोजिम "भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक सङ्कलन ईकाई" स्थापना गरि अनुसूची १ बमोजिम गाउँ कार्यपालिकाको कार्यालयको सूचना प्रविधि अधिकृत (छैठौं) श्री अन्जन हटुवाललाई परियोजना अवधिभरको लागि इकाई प्रमुखको रुपमा नियुक्त गरि निम्न प्रक्रियाबाट कार्य सम्पादन व्यवस्थित गरिनेछ।

**१. तथ्यांक सङ्कलन सम्बन्धी कार्य**

क) तथ्यांक सङ्कलनको तयारी, प्रचार प्रसार र सचेतना

निवेदन दिने सूचना प्रकाशन भए पश्चात सो सम्बन्धी सूचना सवै वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरु मार्फत टोल टोलमा पुर्याइनेछ साथै स्थानीय पत्रपत्रिका र संचार माध्यमहरु मार्फत सूचना प्रवाह गरिनेछ।

ख) तथ्यांक संकलन

तथ्यांक सङ्कलनका लागि छनौट गरिएका व्यक्तिहरु मार्फत समय सिमा भित्र तथ्यांक सङ्कलन गरिनेछ र सो तथ्यांक सुरक्षित रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा रहने इकाईमा राखिने।

ग) तथ्यांकको प्रणालीमा प्रविष्टि

सङ्कलन गरिएको तथ्यांक प्रविष्टिकर्ता मार्फत समयसीमा भित्र प्रणालीमा प्रविष्टि गरिनेछ।

घ) भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको वडा स्तरमा प्रतिवेदनको निर्माण

प्रणालीमा प्रविष्ट गरे पश्चात भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको वडा स्तरमा प्रतिवेदन तयार गरिनेछ।

२. नाप नक्सा सम्बन्धी कार्य

क) नाप नक्साको लागि टोलि गठन, जिम्मेवारी र योजना

ख) भू-उपग्रह चित्रको व्यवस्थापन, यन्त्र उपकरणको प्राविधिक परिक्षण र तयारी

ग) नाप, नक्सा र भूमि लगत सङ्कलन

घ) नक्सा तयारी भेरिफीकेसन

३. आयोगबाट कार्यविधिको अनुसूची ५ बमोजिम सूचना प्रकाशित भएपछी तथ्यांक सङ्कलनको लागि अनुसूची ३ र ४ बमोजिमका फारम लिइ अनुसूची २ बमोजिमका खटीइजान तथ्यांक संकलकहरुको नियुक्ति गर्ने ।

४. तथ्यांक सङ्कलनको पुर्व तयारीको स्वरूप सम्बन्धित भूमिहीनहरुको जानकारीको लागि प्रचारप्रसार गर्ने ।

५. संकलित तथ्यांक सहितको निवेदनहरु वडा कार्यालयमा दर्ता भई इकईमा प्राप्त भएपछी नियम ४१ ख को उपनियम (४) बमोजिम विवरण तयार गर्न कम्प्युटर प्रणालीमा प्रविष्टि गर्ने कार्यका लागि आयोगले तोकेको संख्यामा लगत प्रविष्टिकर्ता नियुक्ति गर्ने।निजहरु बाट प्रविष्ट भएको विवरण अनुसूची ७ (क) र ७ (ख) को ढाँचामा वडा स्तरीय प्रतिवेदन बनाई आवश्यक जाँचबुझको लागि सम्बन्धित वडामा पठाउने।

६. आयोगबाट प्राप्त कार्यवधि बमोजिम सर्वेक्षक, अमिन लगायत नापी प्राविधिक कर्मचारीको व्यवस्थापन गर्ने ।कार्यविधिमा तोकिएको ढाँचा र प्राविधिक प्रक्रिया बमोजिम निवेदक सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नाप जाँच गर्न टोलि परिचालन तथा अन्य आवाश्यकताहरुको व्यवस्थापन गर्ने।

७. वडाबाट आवश्यक जांचबुझ गरी वडा अध्यक्ष सहित बहुमतको समितिबाट निर्णय भई आएको वडा गत प्रतिवेदन माथि थप जांच बुझका लागि १५ दिने सूचना प्रकाशन गरि अन्तिम टुङ्गो लगाइएका निवेदनका सूचीलाई आवश्यक प्रमाणीकरण सहित आयोगले तोकेको समय सिमा भित्र ऐन बमोजिम जग्गा उपलब्ध गराउन जिल्ला समितिमा पठाइने छ।

८. दफा ३ बमोजिमको स्थानीय तथा वडा स्तरीय सहजीकरण समितिको बैठक व्यवस्थापन गरि आवश्यकता बमोजिमका विषयहरुमा निर्णय गर्ने/गराउने।आवश्यकता अनुसार समग्र कार्यको सचेतनामुलक सामाजिक क्रियाकलाप संचालन गर्न सामाजिक परिचालकको व्यवस्थापन गर्ने । अन्य शाखा, फाँट तथा इकाईहरुसँग समन्वय गर्ने ।

९. उपरोक्तानुसारको कार्य आ.व.२०७७/७८ मा निम्नानुसारको जनशक्ति, बजेट एवं कार्य तालिका अनुसार कार्यक्रम अवधि भर यस यस आ.व. मा २०७८ बैशाख ५ गते देखि असार मसान्तसम्म संचालन हुनेछ

| सि.नं. | जनशक्ति पारिश्रमिक | इकाई व्यवस्थापन/संचालन खर्च (अवधिभर) | अभिमुखीकरण कार्यक्रम १ पटक | प्रचारप्रसार तथा सूचना प्रवाह | अनुगमन तथा सुपरिवेक्षण (अवधि भर) | विविध खर्च (अवधि भर) |
|---|---|---|---|---|---|---|

<table>
<tr><th></th><th>जनशक्ति</th><th>संख्या</th><th>कार्य अवधि</th><th>भत्ता</th><th>खर्च</th><td rowspan="5">५००००</td><td rowspan="5">३००००</td><td rowspan="5">२००००</td><td rowspan="5">५००००</td><td rowspan="5">५०००</td></tr>
<tr><td>१</td><td>इकाई प्रमुख</td><td>१</td><td>३ महिना</td><td>कार्यालयमा कार्यरत कर्मचारीबाट व्यवस्थापन भएकोमा थप कार्य बोझ बहन गरे बापत मासिक रुपमा तलब स्केलको ३० %</td><td>३२०६७</td></tr>
<tr><td>२</td><td>तथ्यांक सङ्कलक</td><td>१०</td><td>३ महिना</td><td>दैनिक रु.६००</td><td>५४००००</td></tr>
<tr><td>३</td><td>तथ्यांक प्रविष्टि कर्ता</td><td>१</td><td>3 महिना</td><td>कार्यालयमा कार्यरत कर्मचारीबाट व्यवस्थापन भएकोमा थप कार्य बोझ बहन गरे बापत मासिक रुपमा तलब स्केलको ३० %</td><td>२५३८०</td></tr>
<tr><td>४</td><td>सामजिक परिचालक /सहयोगी</td><td>१</td><td>३ महिना</td><td>दैनिक रु.६००</td><td>४५०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६४२४४७</td><td>५००००</td><td>३००००</td><td>२००००</td><td>५००००</td><td>५०००</td></tr>
<tr><td colspan="5">कुल जम्मा</td><td colspan="6">७९७४४७</td></tr>
</table>

यस कार्य योजना भूमि सम्बन्धि समस्या समाधान आयोगले जारी गरेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०७७ ले कार्य सम्पादनका लागि गरिएकाले तोकिएको समयसीमा भित्र कार्य सम्पन्न नहुने अथवा अन्य परिस्थितिजन्य अवस्थाको सिर्जना भई अधुरो कार्य सम्पादन हुन पुगेमा खर्च भएको बजेटको दायित्व सोहि बमोजिम भुक्तानी हुन बाधा पर्ने छैन । साथै बाँकी रहेको काम

आगामी आ.व.मा आवश्यक थप बजेट बिनियोजन गरि एवं यस कार्य योजनालाई आवश्यक परिमार्जन गरि सम्पादन गर्न सकिनेछ।

**आज्ञाले,**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

राक्सिराङ्ग गाउँपालिका चैनपुर, मकवानपुर/ मुद्रण रु.५ मात्र।